बैठक संख्याः ८१ मिति २०७८/०८/१४ गते

आज मिति २०७८/०८/१४ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री जयनारायण आचार्यज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| श्री जयनारायण आचार्य | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | संयोजक |
| श्री नबराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय, कास्की | सदस्य |
| श्री रमेश थापा | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री मनोज ढकाल | उप-अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,कास्की | सदस्य |
| श्री मित्रलाल नेपाली | सेनानी | नेपाली सेना,भगवती दल गण, पोखरा | सदस्य |
| श्री सुर्य प्रसाद तिमिल्सिना | सशस्त्र प्रहरी ना. उपरीक्षक | नं २४ सशस्त्र प्रहरी कालिका गण, कास्की | सदस्य |
| डा. भरत बहादुर खत्री | निर्देशक | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान,कास्की | सदस्य |
| श्री वावुराम आचार्य | प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |

**आमन्त्रित :**

| | | |
|---|---|---|
| श्री कृष्णचन्द्र पौडेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री अनिल कुमार शाही | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री हेमन्त शर्मा पौडेल | स्वास्थ्य महाशाखा प्रमुख | पोखरा महानगरपालिका, कास्की |
| श्री शरदचन्द्र बराल | कोभिड फोकल पर्सन | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान |
| श्री खेमराज साप्कोटा | उप-निर्देशक | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, कास्की |
| श्री नर बहादुर सारु | परिवार नियोजन निरीक्षक अधिकृत | स्वास्थ्य कार्यालय कास्की |

बैठक संख्याः ८१ मिति २०७८/०८/१४ गते

**निर्णयः**

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड- १९ को नयाँ भेरियन्ट (ओमिक्रोन) को संक्रमण विश्वका विभिन्न मुलुकहरुमा देखा परिसकेको अवस्थामा कास्की जिल्लामा त्यसले पार्न सक्ने प्रभाव, असर रोकथाम नियन्त्रणका लागि तोकिएका स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गराउनुको साथै कोभिड-१९ को नयाँ भेरियन्ट (ओमिक्रोन) को जोखिमलाई ध्यानमा राखी आवश्यक स्वास्थ्य पूर्वाधार (मेडिकल अक्सिजन, भेन्टिलेटर) सहितको जनशक्ति तयारी अवस्थामा राख्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश लगायत सरोकारवाला निकाय एवम् संस्थालाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

२. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको आकस्मिक उपचार कक्ष देखि कोभिड उपचार वार्ड सम्मको प्यासेज (मार्ग) जीर्ण भई कोभिड संक्रमित विरामीहरुलाई ह्विल चियरमा आवतजावत गर्न कठिनाई भएको सोको मर्मत सम्भारका लागि पोखरा महानगरपालिकालाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

३. स्वास्थ्य कार्यालय कास्कीमा पर्याप्त मात्रामा कोभिड विरुद्धको खोप स्टक रहेकोले जिल्लामा कोभिड विरुद्धको खोप प्राप्त नगरेका व्यक्तिहरुलाई खोप पाउने व्यवस्था स्वास्थ्य कार्यालय, कास्कीले मिलाउने ।

जयनारायण आचार्य
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की